annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ९१ पृष्ठ ८ | काठमाडौं, बुधबार १६ साउन २०८१ | श्रावण कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४४ | WEDNESDAY, JULY 31, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# अनि महिलाले फिर्ता बोलाउन थाले बिदेसिएका श्रीमान्

कर्णालीका बासिन्दाको आम्दानीको मुख्य स्रोत कृषि हो । तर, परम्परागत खेती प्रणाली र सिँचाइको अभावले उत्पादन न्यून हुन्छ र बर्सेनि खाद्यान्न संकट पर्छ । यही कारण छाक टार्ने उपायको खोजीमा यहाँका अधिकांश पुरुष बिदेसिएका छन् । गाउँमा खेतीपातीको काम महिलाको काँधमा छ । तर, हिजोआज महिलाले खेती प्रणाली बदलेका छन् । उनीहरू पछिल्लो समय व्यावसायिक तरकारी तथा उच्च मूल्यका बालीहरूको खेतीमा जोडिएका छन् । यसबाट उनीहरूले गाउँमै मनग्य आम्दानी गरिरहेका छन् । महिला आर्थिक रूपमा सवल बनेपछि उनीहरूले बिदेसिएका श्रीमान्लाई घर बोलाइरहेका छन् ।

तथ्यांकमा कर्णाली

| | |
|---|---|
| जनसंख्या १६,८८,४१२ | बिदेसिएका ९४,३२० |
| कृषिमा निर्भर ९,२६,३४० | बिदेसिएका पुरुष ७७,२७८ |
| गरिबी दर २६.६९% | बिदेसिएका महिला १७,०४२ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

ललितबहादुर बुढा | जुम्ला

- को रिपोर्ट

समाचार पृष्ठ २

जुम्लाको पातारासी–४ स्थित डोलकाँटी गाउँमा आफूले लगाएको सिमी गोड्दै महिला। ● ललितबहादुर बुढा

## मधेसलाई पूर्ण साक्षर प्रदेश बनाउनेछु



रानीकुमारी तिवारी

इजलास

मधेस प्रदेश शिक्षाका लागि कुनै बेला देशमै सबैभन्दा प्रमुख स्थानमा पर्थ्यो। मधेसका शिक्षकहरू देशका कुना-कुनामा अध्यापन गराउन पुग्थे। तर, अहिले विभिन्न कारण र बहानामा यस प्रदेशको शैक्षिक अवस्था धराशायी भएको छ।

शिक्षालाई प्राथमिकतामै नराखिएको हुँदा पनि यस क्षेत्रको विकासका लागि खासै कामसमेत हुन सकेको छैन। गरिबका बच्चाहरू पढ्ने विद्यालयका रूपमा स्थापित भएको सामुदायिक विद्यालयहरूको अवस्था दयनीय छ। सरकारले तलब, भत्ता र अन्य सेवा सुविधा उपलब्ध गराए पनि शिक्षकहरू पढाउनुको साटो राजनीति र अन्य कार्यमा बढी व्यस्त भएका छन्।

त्यसैगरी निजी विद्यालयहरूमा पनि कुनै प्रकारको अनुगमन वा निगरानी छैन। जसलाई जे मन लाग्यो त्यही शुल्क लिने र शुल्क लिए बापतको सुविधासमेत नदिने जस्ता थुप्रै विकृतिहरू शिक्षा क्षेत्रमा छन्। तर, मैले शिक्षा मन्त्रालयको जिम्मेवारी पाएदेखि पहिलो प्राथमिकतामा मधेस प्रदेशको शिक्षा नीति बनाउने विषयलाई लिएको छु। हामीले शिक्षा नीतिको मस्यौदा तयार गरिसकेका छौं। र, जति सक्दो चाँडो यसलाई फास्ट ट्र्याकबाट ल्याएर भए पनि सदनबाट पास गराएर लागू गराउने प्रयासमा छु।

अब नीतिगत कुरा गर्ने हो भने प्राथमिक शिक्षा प्रदेश मातहत छैन तर, पनि हामी अनुगमनकारी निकाय पक्कै पनि छौं। यस विषयमा संघसँग समन्वय गरेर शिक्षक समायोजनलाई प्राथमिकतामा राखेर विद्यार्थीको अनुपातको आधारमा शिक्षक पठाउने काममा पनि मन्त्रालयले पहल गरिरहेको छ। त्यसैगरी मधेस प्रदेश सरकार मातहत रहेको कृषि विश्वविद्यालय र अन्य निकायहरूलाई अझ बलियो बनाउने र यसका शाखाहरू पनि विस्तार गर्ने योजना छ।

मधेसलाई पूर्ण साक्षर प्रदेशका रूपमा स्थापित गर्नु मेरो मुख्य लक्ष्य हो। आफूले सकेसम्म यस अभियानलाई सार्थक बनाउन लागि परेको छु।

*(तिवारी मधेस प्रदेशकी शिक्षा तथा संस्कृतिमन्त्री हुन्।)*

# स्वास्थ्य बिमाको रकम भुक्तानी ठप्प

## सरकारी अस्पतालमा ९ अर्ब बक्यौता

दिनेश गौतम | काठमाडौं

सरकारले स्वास्थ्य बिमा लागू भएका सरकारी अस्पतालमा ७ महिनादेखि बाँकी रहेको झन्डै ९ अर्ब रुपैयाँ बक्यौता रहेको छ। समयमै रकम भुक्तानी नगर्दा स्वास्थ्य बिमा आबद्ध सरकारी अस्पतालबाट भइरहेको सेवा प्रवाह प्रभावित हुने जोखिम बढेको छ।

मुलुकका दुई ठूला सरकारी अस्पताल राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान, वीर अस्पताल र त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जमा मात्रै झन्डै ७५ करोडभन्दा बढी भुक्तानी दिन बाँकी रहेको छ। शिक्षण अस्पताल महाराजगन्जमा ६५ करोडभन्दा बढी छ भने वीर अस्पतालमा १० करोड ६० लाख भुक्तानी नहुँदा सेवा प्रवाहमा चुनौती थपिएको छ। शिक्षण अस्पताल महाराजगन्जका कार्यकारी निर्देशक प्राडा दिनेश काफ्लेका अनुसार गत पुस महिनासम्मको बिमाको आंशिक भुक्तानी भइरहेको थियो। ७ महिनादेखि भुक्तानी ठप्प छ।' बिमा भुक्तानी बक्यौता रकम भुक्तानीका लागि धाइरहनु परेको गुनासो गर्दै डा. काफ्लेले दुःखेसो पोखे, 'स्वास्थ्य बिमाको झन्डै ६५ करोड रकम भुक्तानीका लागि कतिञ्जेल धाइरहने ? सेवा प्रवाहमा नै समस्या आउने जस्तो भयो।'



सेवाग्राहीलाई सेवा दिइसकियो । स्वास्थ्य बिमाको रकम भुक्तानी भएको छैन । १० करोड ६० लाखभन्दा बढी रकम बाँकी छ ।

**डा. सन्तोष पौडेल,**
निर्देशक, वीर अस्पताल



झन्डै ६५ करोड रकम भुक्तानीका लागि कतिञ्जेल धाइरहने ? सेवाप्रवाहमा नै समस्या आउने जोखिम बढ्यो ।

**प्राडा. दिनेश काफ्ले**
कार्यकारी निर्देशक, शिक्षण अस्पताल

सरकारी अस्पतालको दाबी भुक्तानी स्वास्थ्य बिमा बोर्डबाट राफसाफ नहुँदा स्वास्थ्य आवश्यक मेसिन, उपकरण, ल्याबका रिएजेन्टलगायत औषधिजन्य सामग्री खरिदमा समस्या देखिएको हो। शिक्षण अस्पतालको झैं सेवा प्रवाहको चुनौती वीर अस्पतालमा पनि छ। वीर अस्पतालका निर्देशक डा. सन्तोष पौडेलका अनुसार, सरकारले पुसदेखि बिमाबापतको रकम भुक्तानी गरेको छैन। आर्थिक वर्ष २०८०/०८१ का लागि २२ करोड ७० लाख ३८ हजार ५ सय ८९ रुपैयाँमात्र भुक्तानी भएको अस्पतालले जनाएको छ।

वीर अस्पतालका निर्देशक डा. पौडेल भन्छन्, 'सेवाग्राहीलाई सेवा दिइसकियो। स्वास्थ्य बिमाको रकम भुक्तानी भएकै छैन। यसै पनि बजेट अभावले सेवा प्रवाहमा गाह्रो भइरहेको बेला बिमा रकमसमेत समयमा नपाउँदा सेवा प्रभावित हुने सम्भावना बढेको छ।'

गत पुस महिनादेखि बिमा रकम भुक्तानी ठप्प छ। जसका कारण औषधि वितरण, स्वास्थ्य जाँच लगायतमा समस्या देखिन जोखिम बढेको छ। पुरानो बिलको दाबी भुक्तानी ढिलाइ हुँदै गए सेवा अवरुद्ध हुन सक्ने देखिएको छ। नागरिकको स्वास्थ्य उपचारमा भइरहेको व्यक्तिगत खर्चलाई मितव्ययी तथा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न सामाजिक सुरक्षा विकास समिति गठन गरिएको हो। समिति गठन भई स्वास्थ्य बिमा सुरु गरिएकोमा हाल स्वास्थ्य बिमा ऐन, २०७४ बमोजिम स्वास्थ्य बिमा बोर्ड गठन भई स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो।

» बाँकी पृष्ठ ६

## देशभर २० जनामा हैजा पुष्टि

**काठमाडौं** (अन्नपूर्ण) : यस वर्षको हालसम्म देशभर २० जना बिरामीमा हैजा पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले काठमाडौं, ललितपुर र कैलालीमा गरी २० जनामा हैजा पुष्टि भएको जानकारी दिए।

उनले सहरी क्षेत्रमा बढ्दो जनघनत्वसँगै सुरक्षित खानेपानी र पर्यावरणीय स्वच्छतामा कमी तथा बाढीपहिरोका घटनाले पानी तथा सरसफाइका पूर्वाधारमा पार्ने नकारात्मक असरका कारण नेपालमा हैजाको संक्रमण देखिने गरेको बताए।

अति संक्रामक र शीघ्र फैलिने झाडापखाला भएकाले हैजाको मुख्य लक्षण चौलानी पानी जस्तो दिशा आउने, वाकवाकी लाग्ने, वान्ता हुने र कडा जलवियोजन हुन्छ।

संक्रमणले गम्भीर अवस्थामा पुऱ्याउँदा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, पिसाबको रंग पहेँलो हुने, रक्तचाप कम हुने, मुटुको धड्कन अनियन्त्रित हुने र बेहोस हुनसक्ने मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले बताए। 'हैजाका बिरामीलाई तुरुन्तै अस्पताल नपुऱ्याए ५० प्रतिशतको मृत्यु हुने सम्भावना हुन्छ।', उनाले भने।

# भत्ता नलिनू, ढिलासुस्ती नगर्नू : प्रधानमन्त्री

सुरेन्द्र काफ्ले | काठमाडौं

मन्त्रिपरिषद्ले सोमबार एकैपटक २१ सचिवको सरुवा गऱ्यो। भोलिपल्टै (मंगलबार) प्रधानमन्त्री केपी शर्मा ओलीले सबै सचिवलाई एक ठाउँ राखेर 'कार्यशैलीमा सुधार गर्न र सेवा प्रवाह चुस्त बनाउन' निर्देशन दिए। आफू नेतृत्वको सरकारले स्थायित्वको कार्यभार लिएर आएको भन्दै ओलीले 'ढुक्कसँग काम गर्न' पनि भने।

निजामती सेवा राज्यको स्थायी सरकारको हो। उनले, 'राम्रो काम गर्न कसैसँग नडराउन' सचिवहरूलाई सुझाए। प्रधानमन्त्री ओलीले सरकारसामु असाधारण चुनौती रहेको भन्दै 'असफल' हुने छुट नरहेको बताए। सचिवहरूलाई कामको विषयमा कडा निर्देशन पनि दिए।

प्रधानमन्त्री ओली विकास र समृद्धिका लागि गम्भीर देखिएका छन्। दुई ठूला दलको गठबन्धनबाट प्रधानमन्त्री बनेका ओलीलाई असफल हुने छुट पनि छैन। कांग्रेस र एमालेको सहमतिअनुसार प्रधानमन्त्री ओली अब दुई वर्ष सरकारको नेतृत्व गर्ने छन्। उनले वर्तमान सरकारलाई 'हनिमुन पिरियड'को समेत सुविधा नभएको बताए। उनले मूलभूत रूपमा गर्नुपर्ने कामहरूबारे लामो निर्देशनात्मक मन्तव्य राखे। उनले राजनीतिक, आर्थिक र सामाजिक



परिवर्तनमा असाधारण योगदान गरेर प्रमुख स्थान प्राप्त गरेका पार्टी अहिले सरकारमा रहेको स्मरण गराए। 'कांग्रेस र एमाले इतिहास बोकेका र सामर्थ्य भएका पार्टी हुन्,' उनले भने।

देशको वर्तमान अवस्था परिवर्तन गर्न अहिले यी दुई पार्टी एक ठाउँमा आएको उनको भनाइ थियो। 'यो सरकारलाई असफल हुने छुट छैन,' ओलीले भने, 'यो कुनै हालतमा असफल हुँदैन, यो असफल हुन बनेको पनि होइन।' उनले हातमा हात बाँधेर वा बसेर भने सफल हुन नसकिने बताए। 'हाम्रो भाग्यमा अर्थोक लेखेकै छैन, सफल हुने मात्र लेखेको छ,' ओलीले भने, 'तर डोकामा दुहेर दूध अडिँदैन नि त'!

ठूला दलले आवश्यकता बोध गरेर सरकार बनाएकाले सरकारको आयुको विषयमा कुनै भ्रममा नपर्न ओलीले आग्रह गरे। उनले भने, 'मेरो नेतृत्वमा सरकार दुई वर्ष चल्ने हो, दुई वर्ष पुग्न एक साताअघि नै मैले राजीनामा गरिसकेको हुनेछु,' ओलीले भने, 'गर्छ कि गर्दैन भन्ने दुविधा हुँदैन, त्यसपछि शेरबहादुर देउवाजीको नेतृत्वमा चुनावसम्म जाने हो, यसमा ढुक्क भए हुन्छ।'

जनतालाई उपयुक्त ढंगले सेवा दिन, विकास, समृद्धि र सुशासनका लागि सरकार बनेको उनको भनाइ थियो। 'देशका लागि केही गरौं भन्ने प्रतिबद्धताका साथ सरकार बनेको छ,' ओलीले भने, 'यो सरकार कसैप्रति पूर्वाग्राही हुँदैन, कामको आधारमा सचिवहरूको मूल्यांकन गर्ने छ'।

प्रधानमन्त्री ओलीले हस्ताक्षर गर्नेबित्तिकै फसिन्छ कि भन्ने चिन्तामा नपरी काम गर्न आग्रह गरे। राम्रो काम गर्दा कुनै प्रकारको समस्या आयो भने त्यसको जिम्मेवारी सरकारले लिनेछ', सचिवलाई आश्वस्त पार्दै भने, 'काम गर्दा गन्तव्य के हो भन्ने कुरा बुझ्न आवश्यक छ। गन्तव्य नतोकी हिँड्यो भने टुंगोमा पुगिँदैन।'

प्रधानमन्त्री ओलीले गरिबीको रेखामुनि रहेका जनतालाई माथि उठाउन सरकारको ध्यान केन्द्रित हुने बताए। 'हामीलाई नेपाललाई समृद्ध बनाउनु छ, नेपाली जनतालाई सुखी बनाउनु छ', ओलीले भने, 'नेपाललाई हतियार होइन, युद्ध र अशान्ति होइन शान्ति चाहिएको छ। नेपाली जनतालाई खुसी र सुखी बनाउन ध्यान केन्द्रित हुनुपर्छ।'

प्रधानमन्त्री ओलीले समितिहरू बन्ने तर काम नगर्ने प्रवृत्तिको अन्त्य गर्न निर्देशन दिए। 'समितिहरू बन्छन्, त्यसमा ५/६ जना सचिव र सहसचिव रहन्छन् तर त्यहाँ काम हुँदैन', उनले भने, 'मन्त्रीले सचिवलाई वा क-कसलाई अधिकार दिनुपर्छ प्रत्यायोजन गर्ने, देश र जनताको हितको पक्षमा संविधानअनुसार काम गर्ने।'

» बाँकी पृष्ठ ६